# संयुक्त राज्य अमेरिका श्रम मन्त्रालय
# अन्तर्राष्ट्रिय श्रम सरोकार विभाग
# बालश्रम, वाध्यात्मक मजदूरी तथा मानव तस्करी कार्यालय
# कार्यादेश १३१२६
# डिसेम्बेर २ तारीक २०१४का दिनसम्म
# वाध्यात्मक या बँधुवा बालश्रमबाट उत्पादित वस्तुको सूची

## नेपाल

### इँटा

नेपालमा ६ देखी १७ वर्ष र कँही कँही त ५ वर्ष मुनिका बालबालिकाहरुलाई इँटा उत्पादनमा जबर्जस्ती रूपमा श्रम गराइएको सूचना प्राप्त भएको छ । एक गैससको प्रतिबेदनबाट प्राप्त जानकारी अनुसार यसरी श्रममा लगाइएका बालबालिकामध्य दुई तिहाइ केटाहरु हुने गर्छन् । अक्टोबर र डिसेम्बर महिनाको विचमा चल्ने यि इँटा भट्टाहरु काठमाडौं र तराइका जिल्लामा बढी केन्द्रित छन् । गैससबाट प्राप्त पछिल्लो जानकारी अनुसार ३० देखी ६० हजार बालबालिका नेपालका विभिन्न इँटा भट्टामा कार्यरत छन जसमध्य ३९ प्रतिशत बँधुवा श्रमिकको रूपमा काम गर्दछन । नेपालका इँटा भट्टामा सुकुम्बासी परिवार र दलित, जनजाती र मधेशी जस्ता जातिय र सामाजिक रूपमा तल परेका समुदायका सदस्यहरु बँधुवा मजदूरीमा पर्ने जोखिम बढी रहेको भेटिन्छ । प्राय श्रमिक बालबालिका नेपालीनै हुने गरेपनी केहि भारतको बंगाल र उत्तर प्रदेशबाट पनि आएको पाइन्छ । धैरै परिवारले भट्टा धनी वा ठेकेदारबाट उधारो रिन लिएर तोकिएको संख्यामा इँटा बनाउने कबुल खाएका हुन्छन र यसै क्रममा उनिहरु बँधुवा श्रमिक बन्न पुग्छन् । यस्तो परिवारमा बालबालिका पनि आफ्नो बा-आमाको रिनमा बाँधिन पुग्छन र अभिभावकसंगै इँटा बनाउने काममा संलग्न हुन वाध्य हुन्छन। रिन नतिरेसम्मै यस्ता बँधुवा मजदूर परिवार इँटा भट्टामा नै बस्न वाध्य हुन्छन जहाँ सफा र सुरक्षित खाने पानी र ढलको सुविधा हुँदैन । केहि बँधुवा वालश्रमिकहरु दिनमा १२ घण्टा काम गर्न वाध्य हुन्छन र बा-आमाको रिनको साँउ-व्याज कटाएपछी शुन्य वा न्यूनतम ज्याला पाउने गर्दछन । कतिपय बालबालिकाले धनीको गाली र् पिटाइ पनि बराबर भोग्नु पर्दछ ।

### गलैंचा

नेपालको गलैंचा उद्योगमा बालबालिकाहरु अनिच्छुक रूपमा काम गर्न वध्य रहेको जानकारीमा आएको छ। १४ बर्ष र माथिका बालबालिका दर्ता भएका गलैंचा कारखानामा काम गरेको भेटिन्छन् भने १४ बर्ष मुनिका बालबालिका बिना दर्ताका अनपौचरिक गलैंचा कारखानामा भेटिन्छन। गलैंचा कारखानाहरु प्राय काठमाण्डौं उपत्यकामा केन्द्रित छन। केहि बालबालिका एक्लै अथवा आफ्नो परिवारसँग गलैंचा कारखानामा बँधुवा मजदूरको रूपमा पनि काम गर्दैछन्। अधिकांश बालबालिकाले काम गरे बापत ज्याला पाउँदैनन्। अभिभावक या दलालले

धनीसँग लिएको तलब एड्भान्स रिन तिर्नको लागि केहि बालबालिकालाई निशुल्क काम गर्नु परेको छ। यस्ता बालबालिका कारखानामै वा धनीले उपलब्ध गराएको कारखाना नजिकैको डेरामा बस्छन । पुरै रिन नतिरुन्जेल यि बालबालिकाले कारखानाको काम छोड्न पाउँदैनन्। धैरै बालबालिका दिनभरी र ओभरटाइम गरेर १८ घण्टासम्मा काम गर्न वाध्य हुन्छन भने कतिपय दिनभरीको काम गरिसकेपछी पनि कारखानाबाट बाहिर जान पाउँदैनन । कारखाना धनीहरु यि वालवालिकलाई काम गर्न नमानेको, कोटा नपुऱ्याएको, निदाएको वा गलती गरेको आरोपमा सजाय दिने गर्दछन।

## बुट्टा भरेको लत्ता कपडा

नेपालकमा लत्ता कपडामा बुट्टा भर्ने उद्योगमा ७ देखि १७ वर्षका बालबालिकाहरुलाई वाध्यात्मक रूपमा काम गराइएको जानकारी प्राप्त भएको छ। यस्ता उद्योग काठमाण्डौं उपत्यकाभरि छरिएका छन, र बढी थानकोटमा केन्द्रित छन्। बालश्रमिकहरु प्राय सर्लाही, महोत्तरी, र धनुषा जिल्लाबाट भर्ति गरिन्छ। एक अनुसन्धान प्रतिवेदनको अनुसार झण्डै ७,५०० बालबालिका यस उद्योगमा वाध्यात्मक अवस्थामा काम गरिरहेका छन्। कारखाना धनीले अभिभावकहारुलाई तलाब एड्भान्स दिएर उनीहरुका छोराहरुलाई एक कि दुई वर्षको करारमा काम लगाउने गर्दछन्। यि केटाहरु बिना तलब दिन-दिनभरि काम गर्न वाध्य हुन्छन्। पहिलो करार सिद्धिएपछी कारखानाधनीले अभिभावकहरुलाई अर्को तलब एड्भान्स उपलब्ध गराउँछन् र श्रमिक केटाहरु फेरि त्यहि कारखानामा काम गर्न फर्कन्छन्।  यि बलश्रमिकको कमाइबाट धनीहरुले सुरुमा दिएको तलब एड्भान्स र मासिक बस्ने र खाने खर्च कटाउने गर्दछन। त्यसैकारण दोस्रो चरणको करार अन्तर्गत काम गर्दा पनि श्रमिक केटाहरुलाई शुन्य वा नगन्य तलब हात पर्छ ।  बालश्रमिकहरु कारखाना परिसरभित्रै बस्ने र कारखानाहरु प्राया बन्द रहने भएकोले बालबालिकाहरु बाहिर जाने वा भाग्ने स्थिति रहँदैन ।

## ढुंगा गिट्टी

जानकारी अनुसार नेपालमा ५ वर्षकै उमेरबाट केहि बालबालिका ढुंगा गट्टी उद्योगमा काम गर्न वाध्य आवस्थामा छन्। एक गैसस प्रतिवेदन र मिडियाका अनुसार देशभरि यस्ता बालबालिका विभिन्न ढुंगा खानी र नदीकिनार वरपर आफ्ना परिवारजनसंग बँधुवा श्रमिकको रूपमा काम गरिरहेको भेटिन्छ। कतिपय परिवारले पहिला धनीसंग रिन लिन्छन र दैनिक कमाइको तलबबाट रिन तिर्न नपुगेपछी आफू रिनबाट मुक्त हुनै नसक्ने स्थितिमा पुग्छन्। केहि बालबालिका आफ्नो परिवारसंग काम गर्ने थलोमै बस्छन र सुरक्षा गार्डको निगरानी निरन्तर रहने यस्ता ठाउँबाट बाहिरिन सक्दैनन। बालबालिकाहरुलाई गह्रौं भारि बोक्ने जस्ता जोखिमपूर्ण काम गर्न वाध्य पारिन्छ। धनीहरुले बालश्रमिक लगायत सबै कामदारको खाना रोकाइदिने धम्कि दिन्छन। केहि वालश्रमिकमाथि धनीहरुले कुटपिट समेत गर्छन्।